श्री

# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०८०/०८१
चलानी नं. :

पाँचथर जिल्ला अदालत पाँचथर

सम्पर्क नं.:-०२४५२२१९५
इमेल:-info.dcpanchthar@supremecourt.gov.np

मितिः२०८०।०५।०१

## सूचना। सूचना।। सूचना।।।

**बिषयः- मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस अदालतको मिति २०८०/०५/०१ को निर्णय तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) बमोजिम मेलमिलापकर्ताहरुको सूचिकृत गर्ने तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक बर्ष मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्नुपर्ने भएकोले मेलमिलापकर्ताको रुपमा सुचिकृत हुन चाहने तथा यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत रहनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा यस अदालतमा सूचिकृत हुन इच्छुक देहायका योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावालीको अनुसूची २ को ढाँचामा निवेदन दिनु हुन देहायमा लेखिए अनुसार कागजपत्र राखी यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र यस अदालतको मेलमिलाप शाखामा निवेदन दिनुहुन मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र ऐ. नियम ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

१. आवश्यक कागजातः-

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि,
- मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति,

२. अदालतमा सूचिकृत हुन चाहने मेलमिलापकर्ताको योग्यताः-

- नेपाली नागरिक,
- पच्चीस बर्ष उमेर पूरा भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको,
- मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,
- मेलमिलाप सम्बन्धी ऐन, २०६८ विपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाएको ।

यस सम्बन्धमा अन्य कुरा बुझ्न पर्ने भए यस अदालतको मेलमिलाप शाखामा सम्पर्क राख्नुहोला ।

२०८०।०५।०१

.....................
विष्णुप्रसाद खतिवडा
श्रेष्तेदार

श्रेष्तेदार
उप-सचिव